Email: threebrothershrree@gmail.com

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

लगनखेल, ललितपुर (कार्यक्षेत्र: काठमाडौं, भक्तपुर, ललितपुर)

(प्रथम पटक प्रकाशित मिति: २०८०/०९/१८)

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुरको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक एवं मापदण्ड पुरा गरेका पशुपालक कृषक समूह/सहकारी/निजी फार्मले सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक कागजात सहित कार्यालय समयभित्र आवेदन दर्ता गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी तथा म्याद नाघि दर्ता हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन।

| क्र.सं. | कार्यक्रम | परिमाण /इकाई | कुल बजेट (लाख) | अनुदानको किसिम | आवेदक | कार्यविधि | अनुदानमा सञ्चालन गर्न सकिने कार्यहरु | स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्य जन्य व्यवसाय विकासका लागी बिउँ पूँजि कोष परिचालन | १ पटक | १०० | बढिमा लागतको ५० प्रतिशत वा १० लाखमा नबढ्ने गरी | समूह/कम्पनी /सहकारी /निजि फार्म/उद्यमी | बिउँ पुँजि कोष परिचालन कार्यविधि, २०८० | पशुपन्छी तथा मत्स्य खरिद, गोठ/खोर मर्मत निर्माण, दुग्ध व्यवसाय सञ्चालनका लागी डेरी पसल सुधार, बधस्थल तथा मासु पसल निर्माण, सुधार, पशु जन्य पदार्थहरुको उद्योग निर्माण, मर्मत, सुधार आदि | काठमाडौं, भक्तपुर र ललितपुर |
| २ | दुध उत्पादन बृद्धी (दुध जोन्त) फलोअप कार्यक्रम | ४ प्याकेज | ३० | २० प्रतिशत सम्म दुध उत्पादन वृद्धि गर्नेलाई रु ७५०० र २० प्रतिशत भन्दा बढी दुध उत्पादन वृद्धि गर्नेलाइ रु ८० हजार | निजि फार्म | पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | पशु खरिद, गोठ खोर मर्मत, निर्माण सुधार | ललितपुर जिल्लाको कोन्ज्योसोम गा.पा. वडा न. २, महाँकाल गा.पा. वडा न. १ र २ भक्तपुर जिल्लाको सुर्यविनायक न.पा. र काठमाडौं जिल्लाको शंखर ापुर न.पा. वडा न. १,२ र ३ का गत आ.व. को कार्यक्रमा समावेश नभएकाको लागी मात्र |

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. तोकिएको ढाँचामा रु १० को हुलाक टिकट सहितको आवेदन, संस्था दर्ता तथा नविकण, कर चुक्ता र प्यान/भ्याट दर्ता (समूह, सहकारीको हकमा बैठकको निर्णय, लेखा परिक्षणको प्रमाणित प्रतिलिपि) को प्रमाणपत्र।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, स्थानिय तहको सिफारिश।
३. सम्बन्धित कार्यविधिमा तोकिएको आवश्यक कागजातहरु।
४. निर्माण कार्यको हकमा दर्तावाल ईन्जिनियरबाट प्रमाणित भएको लागत इस्टमेट।
५. दुध जोन फलोअप कार्यक्रमको हकमा दुध उत्पादन रेकर्ड खुल्ने कागजात।
६. पशुपन्छी तथा मत्स्य जन्य व्यवसाय सञ्चालनका लागि बिउँ पुँजि कोष परिचालनको हकमा पशु बीमा, व्यवसायिक योजना, पेश भएको जग्गाको लालपूर्जा, हाल अन्य प्रयोजनमा रोक्का नरहेको भन्ने मालपोत कार्यालयको सिफारिस।

**नोट: सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५५४७३७७, ०१-५५४२४४९ वा यस कार्यालयको वेबसाइट** www.vhleclalitpur.p3.gov.np **बाट डाउनलोड गरि लिन सकिने।**